# स्थानीय स्वायत्त शासन सम्वन्धी व्यवस्थाबारे संविधान सभामा प्रस्तावित नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदामा जिल्ला विकास समिति महासंघ नेपालद्वारा प्रस्तुत संशोधन सम्वन्धी सुझावहरूः

| हालको अवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| ५५. **राज्यका नीतिहरू** : राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ :-<br>(ख) **राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति** :<br>(६) संघीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने । | ५५. **राज्यका नीतिहरू** : राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ :-<br>(ख) **राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति** :<br>(६) **स्थानीय स्वायत्तता र सुशासनलाई मूल आधार मानी** संघीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने । | राज्यका नीतिमा स्थानीय स्वायत्तताको विषयलाई राज्यका नीतिमा राख्न वान्छनीय भएकोले |
| ६०. **राज्यको संरचना** : (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ ।<br>(६) स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या कानुन बमोजिम हुनेछ । | ६०. **राज्यको संरचना** : (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ ।<br>(६) स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र **जिल्ला विकास समिति** रहनेछन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या कानुन बमोजिम हुनेछ ।<br>**नोटः वडाध्यक्षको निर्वाचन प्रत्यक्ष निर्वाचनबाट हुनेछ ।** | जिल्ला तहलाई पनि समेटेर उल्लेख गर्नु पर्ने भएकोले<br>वडाको प्रमुख प्रत्यक्ष निर्वाचित हुने अभ्यास गरी सकिएको र सोही गर्नु वान्छनीय भएकोले |
| ६६. **राष्ट्रपतिको निर्वाचन** : (१) राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार फरक हुने गरी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । | ६६. **राष्ट्रपतिको निर्वाचन** : (१) राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र **स्थानीय निकायका प्रमुख** मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र **स्थानीय निकायमा प्रमुख**को मतभार फरक हुने गरी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । | राष्ट्रपति संघ, प्रदेश र स्थानीय निकायको पनि प्रतिक हुने र स्थानीय निकायका प्रमुखले राष्ट्रिय सभामा मतदान गर्ने व्यवस्था समेत भएकोले मतदाता बनाइनु बान्छनीय हुने |
| १७५. **प्रदेश सभाको गठन** : (१) प्रत्येक प्रदेश सभामा देहाय बमोजिमको संख्यामा सदस्य रहने छन् :–<br>(४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्या र भौगोलिक सन्तुलनको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, | १७५. **प्रदेश सभाको गठन** : (१) प्रत्येक प्रदेश सभामा देहाय बमोजिमको संख्यामा सदस्य रहने छन् :–<br>(४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्या र भौगोलिक सन्तुलनको आधारमा **स्थानीय निकायका सदस्यहरु,** महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, | प्रदेश सभामा स्थानीय निकायको सहभागिता वान्छनीय भएकोले |

| | | |
|---|---|---|
| मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ । | अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ । | |
| **धारा २१२ (१)**: संविधान र कानुनको अधीनमा रही स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहनेछ । | संविधान र कानुनको अधीनमा रही स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका, नगर कार्यपालिका र **जिल्ला विकास समिति**मा निहित रहनेछ । | जिल्ला तहमा विगत देखि नै अभ्यास गर्दै आएको र दुई वा दुई भन्दा बढी गाउँ कार्यपालिका र नगर कार्यपालिका बीचका केही कार्यकारिणी काम गर्नु भर्ने भएकोले |
| धारा २१२ (३) यो संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकामा रहनेछ । | धारा २१२ (३) यो संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका, नगर कार्यपालिका र **जिल्ला विकास समिति**मा रहनेछ । | जिल्ला तहमा विगत देखि नै अभ्यास गर्दै आएको र दुई वा दुई भन्दा बढी गाउँ कार्यपालिका र नगर कार्यपालिका बीचका केही कार्यकारिणी काम गर्नु भर्ने भएकोले |
| **धारा २१२ (४)** गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुनेछ । | धारा २१२ (४) गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका, नगर कार्यपालिका र **जिल्ला विकास समिति**को नाममा हुनेछ । | जिल्ला तहमा विगत देखि नै अभ्यास गर्दै आएको र दुई वा दुई भन्दा बढी गाउँ कार्यपालिका र नगर कार्यपालिका बीचका केही कार्यकारिणी काम गर्नु भर्ने भएकोले |
| **धारा २१२ (५)** उपधारा (४) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानुन बमोजिम हुनेछ । | धारा २१२ (५) उपधारा (४) बमोजिम गाउँ कार्यपालिका, नगर कार्यपालिका र **जिल्ला विकास समिति**को नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानुन बमोजिम हुनेछ । | जिल्ला तहमा विगत देखि नै अभ्यास गर्दै आएको र दुई वा दुई भन्दा बढी गाउँ कार्यपालिका र नगर कार्यपालिका बीचका केही कार्यकारिणी काम गर्नु भर्ने भएकोले |
| **२१८. जिल्ला सभा** : (१) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय तथा आवश्यक व्यवस्थापन गर्न कानुन बमोजिम एक जिल्लासभा रहनेछ । | **२१८. जिल्ला विकास समिति** : (१) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच **एकीकृत विकास नीति, योजना निर्माण र कार्यान्वयन, सर्वेक्षण र तथ्यांकीय व्यवस्थापन, श्रोत र क्षमता अधिवृद्धि, समन्वय, अनुगमन** तथा आवश्यक व्यवस्थापन गर्न कानुन बमोजिम एक **जिल्ला विकास समिति** रहनेछ । | जिल्ला तहमा विगत देखि नै अभ्यास गर्दै आएको र दुई वा दुई भन्दा बढी गाउँ कार्यपालिका, नगर कार्यपालिका र प्रदेशबीचका केही विकास नीति, योजना निर्माण र कार्यान्वयन, श्रोत र क्षमता अभिवृद्धि, समन्वय, अनुगमन तथा आवश्यक व्यवस्थापनका काम गर्नु भर्ने भएकोले |
| (२) जिल्ला सभामा जिल्ला भित्रका प्रत्येक गाउँ कार्यपालिका प्रमुख र नगर कार्यपालिका प्रमुख सदस्य रहनेछन् । गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्नेछ । | उपधारा (२) यस धाराबाट हटाउने | व्यवस्थापिकाको धारामा लेखिने विषय भएकोले |
| (३) जिल्ला सभाले प्रादेशिक कानुन बमोजिम एक जना प्रमुख, एक जना उपप्रमुख र कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित | (३) जिल्ला स्थित सम्पूर्ण गाउँ सभा र नगर सभाका सम्पूर्ण सदस्यहरुको निर्वाचक मण्डलबाट एक जना प्रमुख, एक जना उपप्रमुख र कम्तीमा तीन जना महिला र कम्तीमा दुई जना दलित | प्रस्तावित व्यवस्थामा प्रादेशिक कानुन भन्ने शव्दावलीलाई परिमार्जन गरी निर्वाचक मण्डलको दायरा फराकिलो बनाई बढी उत्तरदायी र |

| | | |
|---|---|---|
| बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । | र अल्पसंख्यक सहित नौ देखि तेह्रजना सदस्य रहेको जिल्ला विकास समितिको निर्वाचन गर्नेछ । | जवाफदेही बनाउन |
| (४) सम्बन्धित जिल्लाभित्रको गाउँसभा वा नगरसभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुनेछ । | (४) सम्बन्धित जिल्लाभित्रको गाउँसभा वा नगरसभाको सदस्य जिल्ला **विकास** समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुनेछ । | जिल्ला तहमा विगत देखि नै अभ्यास गर्दै आएको र दुई वा दुई भन्दा बढी गाउँ कार्यपालिका र नगर कार्यपालिका बीचका केही कार्यकारिणी काम गर्नु भर्ने भएकोले विकास समिति लेख्दा उपयुक्त हुने भएकोले |
| (५) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि पाँच वर्षको हुनेछ । | (५) जिल्ला **विकास** समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि पाँच वर्षको हुनेछ । | जिल्ला तहमा विगत देखि नै अभ्यास गर्दै आएको र दुई वा दुई भन्दा बढी गाउँ कार्यपालिका र नगर कार्यपालिका बीचका केही कार्यकारिणी काम गर्नु भर्ने भएकोले विकास समिति लेख्दा उपयुक्त हुने भएकोले |
| (६) देहायका अवस्थामा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख वा सदस्य आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख वा सदस्यले प्रमुख समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) पदावधि समाप्त भएमा, वा<br>(ग) मृत्यु भएमा । | (६) देहायका अवस्थामा जिल्ला **विकास** समितिको प्रमुख वा उपप्रमुख वा सदस्य आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख वा सदस्यले प्रमुख समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) पदावधि समाप्त भएमा, वा<br>(ग) मृत्यु भएमा । | जिल्ला तहमा विगत देखि नै अभ्यास गर्दै आएको र दुई वा दुई भन्दा बढी गाउँ कार्यपालिका र नगर कार्यपालिका बीचका केही कार्यकारिणी काम गर्नु पर्ने भएकोले विकास समिति लेख्दा उपयुक्त हुने भएकोले |
| (७) जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–<br>(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका र प्रदेश बीच समन्वय गर्ने,<br>(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,<br>(ग) जिल्लामा रहने संघीय र प्रादेशिक सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,<br>(घ) प्रादेशिक कानुन बमोजिमका अन्य कार्यहरु गर्ने । | (७) जिल्ला **विकास समिति**को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–<br>(ग) जिल्लामा रहने संघीय र प्रादेशिक सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच विकास नीति, एकीकृत योजना निर्माण तथा सञ्चालन, संम्वन्धी कार्यको समन्वय गर्ने र कार्यान्वयन गर्ने गराउने<br>(घ) जिल्लाभित्रका अन्तर गाउँपालिका र नगरपालिकाकाबीच उत्पन्न विवाद समाधानका लागि जिल्लासभाबाट कार्यविधि वनाई आवश्यक सहजीकरण गर्ने ।<br>(ङ) गाउँपालिका र नगरपालिकाको श्रोत र क्षमता विकासमा सहयोग गर्ने ।<br>(च) **संघीय र** प्रादेशिक कानुन बमोजिमका अन्य कार्यहरु गर्ने । | जिल्लाको समग्र विकास नीति, एकीकृत योजना निर्माण तथा सञ्चालन, श्रोत र क्षमता विकास, संम्वन्धी कार्यको समन्वय गर्न आवश्यक कानुनी व्यवस्था गर्नु पर्ने भएकोलृ |

| | | |
|---|---|---|
| (८) जिल्ला सभाको सञ्चालन तथा जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी सम्पूर्ण आर्थिक व्ययभार प्रदेश सरकारमा रहनेछ | हटाउने | उल्लेख गर्नु नपर्ने |
| २१९. **स्थानीय तहको व्यवस्थापिकीय अधिकार** : (१) यस संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगरसभामा निहित रहनेछ ।<br>(२) गाउँ सभा र नगरसभाको व्यवस्थापिकीय अधिकार अनुसूची–७ बमोजिमको स्थानीय तहको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । | २१९. **स्थानीय तहको व्यवस्थापिकीय अधिकार** : (१) यस संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ, नगर र **जिल्ला** सभामा निहित रहनेछ ।<br>(२) गाउँ सभा, नगरसभा र **जिल्ला सभा**को व्यवस्थापिकीय अधिकार **बजेट निर्माण लगायत** अनुसूची–७ बमोजिमको स्थानीय तहको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । | जिल्ला सभालाई पनि व्यवस्थापकीय अधिकार आवश्यक हुने भएकोले |
| २२०. **गाउँसभा वा नगरसभा** : गाउँपालिकामा एक ग | २२०.**गाउँसभा, नगरसभा र जिल्ला सभा** : गाउँपालिकामा एक गाउँसभ<br>**द्रष्टव्यः जिल्ला सभामा गाउँ पालिका र नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदेन सदस्य रहनेछन्** | जिल्लामा पनि आवश्यक नीति निर्माण र जिल्ला विकास समितिलाई व्यवस्थापन गर्न जिल्ला सभाको आवश्यकता हुने भएकोले |
| २२३. **गाउँसभा र नगरसभाको अध्यक्ष र उपाध्यक्ष** : गाउँ कार्यपालिकाको प्रमुख र उपप्रमुख तथा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुखले क्रमशः गाउँसभा र नगरसभाको अध्यक्ष र उपाध्यक्ष भई कार्यसम्पादन गर्नेछ । | २२३. **गाउँसभा, नगरसभा र जिल्ला सभाको अध्यक्ष र उपाध्यक्ष** : गाउँ कार्यपालिकाको प्रमुख र उपप्रमुख, नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख तथा **जिल्ला विकास समितिका प्रमुख र उप प्रमुख**ले क्रमशः गाउँसभा र नगरसभा र **जिल्ला सभा**को अध्यक्ष र उपाध्यक्ष भई कार्य सम्पादन गर्नेछ । | जिल्ला सभा गठन गर्दा उपयुक्त विधि आवशयक हुने भएकोले |
| २२४. **गाउँसभा र नगरसभाको कार्यकाल** : गाउँसभा र नगरसभाको कार्यकाल पाँच वर्षको हुनेछ । | २२४. **गाउँसभा, नगरसभा र जिल्ला सभाको कार्यकाल** : गाउँसभा, नगरसभा र **जिल्ला सभा**को कार्यकाल पाँच वर्षको हुनेछ । | पदावधिका बारेमा एकरुपता आवश्यक भएकोले |
| २२५. **कानुन बनाउन सक्ने** : (१) गाउँसभा र नगरसभाले अनुसूची ७ बमोजिमको स्थानीय तहको अधिकारको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्नेछ । | २२५. **कानुन बनाउन सक्ने** : (१) गाउँसभा, नगरसभा र **जिल्ला सभा**ले अनुसूची ७ बमोजिमको स्थानीय तहको अधिकारको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्नेछ । | |
| २२६. **गाउँसभा र नगरसभा सम्बन्धी अन्य व्यवस्था** : गाउँसभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानुन बमोजिम हुनेछ । | २२६. **गाउँसभा, नगरसभा र जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था** : गाउँसभा, नगरसभा र **जिल्ला सभा**को सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा, नगरसभा र **जिल्ला सभा**का सदस्यले पाउने सुविधा, गाउँपालिका, नगरपालिका र **जिल्ला विकास समिति**को कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानुन बमोजिम हुनेछ । | कानुनमा एकरुपता आवश्यक भएकोले |
| २२८. **स्थानीय सञ्चित कोष** : (१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक | २२८. **स्थानीय सञ्चित कोष** : (१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका, नगरपालिका र **जिल्ला विकास समिति**मा एक स्थानीय | एकरुपताको आवश्यकता भएकोले |

| | | |
|---|---|---|
| स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।<br>(२) उपधारा (१) बमोजिमको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था कानुन बमोजिम हुनेछ । | सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ । | |
| **२२९. गाउँपालिका र नगरपालिकाको बजेट** : (१) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेश गरी पारित गराउनु पर्नेछ ।<br>(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानुन र प्रादेशिक कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोतसमेतको प्रस्ताव गर्नु पर्नेछ । | **२२९. गाउँपालिका, नगरपालिका र जिल्ला विकास समितिको बजेट** : (१) गाउँ कार्यपालिका, नगर कार्यपालिका र **जिल्ला विकास समिति**ले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कानुन बमोजिम गाउँसभा, नगरसभा र **जिल्ला सभा**मा पेश गरी पारित गराउनु पर्नेछ ।<br>(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिका **वा जिल्ला विकास समिति**ले घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानुन र प्रादेशिक कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ । | जिल्ला विकास समितिको बजेटबारे प्रष्ट गर्नु पर्ने भएकोले |
| **२३३. अन्तर प्रादेशिक परिषद** : (१) संघ र प्रदेश बीच तथा प्रदेश–प्रदेश बीच उत्पन्न राजनीतिक विवादको समाधान गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको एक अन्तर प्रादेशिक परिषद रहनेछ :–<br>(क) प्रधानमन्त्री – अध्यक्ष<br>(ख) नेपाल सरकारका गृहमन्त्री – सदस्य<br>(ग) नेपाल सरकारका अर्थमन्त्री<br>(घ) सम्बन्धित प्रदेशका मुख्यमन्त्रीहरु | **२३३. अन्तर प्रादेशिक परिषद** : (१) संघ र प्रदेश बीच तथा प्रदेश–प्रदेश बीच उत्पन्न राजनीतिक विवादको समाधान गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको एक अन्तर प्रादेशिक परिषद रहनेछ :–<br>**ङ) अन्तर प्रादेशिक परिषदमा गाउँपालिका, नगरपालिका र जिल्ला विकास समितिका प्रतिनिधिमुलक महासंघबाट एक एक जना प्रतिनिधि गरी जम्मा तीन जना सदस्य रहनेछन ।** | स्थानीय निकायका संघमहासंघहरुको प्रतिनिधित्व गर्दा विवाद समाधानमा सहजता हुने भएकोले |
| **२३४. संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय** :<br>(२) प्रदेश र गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ । | **२३४. संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय** :<br>(२) प्रदेश र गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले जिल्ला **विकास** समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ । | एकरुपता कायम गर्न आवश्यक भएकोले |
| **२४४. थप गर्ने** | **२४४. स्थानीय सेवा आयोग सम्बन्धी व्यवस्था** : (१) देशभरीका स्थानीय निकायका कर्मचारी व्यवस्थाका लागि एक स्थानीय सेवा आयोग रहनेछ ।<br>(२) स्थानीय सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार कानुन | स्थानीय सेवाको पनि आफ्नै प्रकृति हुने भएकोले आवश्यक रहेको |

| | | |
|---|---|---|
| | बमोजिम हुनेछ । | |
| २४९. **<u>राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग</u>** : (१) नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग रहनेछ जसमा अध्यक्ष सहित बढीमा पाँच जना सदस्य रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषदकोसिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछ । | २४९. **<u>राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग</u>** : (१) नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग रहनेछ जसमा अध्यक्ष सहित बढीमा पाँच जना सदस्य रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछ ।<br>**(३) आयोगको सदस्यमा स्थानीय निकायका प्रतनिधिमूलक संस्थाको समेत प्रतिनिधित्व गराइनेछ ।** | |
| २७९. **<u>सरकारी सेवाको गठन</u>** : (२) प्रदेश, गाउँपालिका र नगरपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन् । | २७९. **<u>सरकारी सेवाको गठन</u>** : (२) प्रदेश, गाउँपालिका, नगरपालिका र **जिल्ला विकास समिति**ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन् । | स्थानीय तहको व्यवस्थामा एकरुपता आवश्यक भएकोले |
| २८०. **<u>निर्वाचन क्षेत्र निर्धारण आयोग</u>** : (१) यस संविधान बमोजिम संघीय संसद, प्रदेश सभा, गाउँसभा र नगरसभाको निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले देहायका अध्यक्ष र सदस्य रहेको निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछ :- | २८०. **<u>निर्वाचन क्षेत्र निर्धारण आयोग</u>** : (१) यस संविधान बमोजिम संघीय संसद, प्रदेश सभा, **जिल्ला सभा,** गाउँसभा र नगरसभाको निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले देहायका अध्यक्ष र सदस्य रहेको निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछ :- | जिल्लाको समेत पुन:संरचना आवश्यक हुँदा आवश्यक हुने भएकोले |
| २९५. **<u>परिभाषा र व्याख्या</u>** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा,-<br>(छ) "स्थानीय तह" भन्नाले यस संविधान बमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्लासभालाई सम्झनु पर्छ । | (छ) "स्थानीय तह" भन्नाले यस संविधान बमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र **जिल्ला विकास समिति**लाई सम्झनु पर्छ । | सम्पूर्णतामा एकरुपता आवश्यक भएकोले |

## अनुसूची-७

(धारा ६१ को उपधारा (६), धारा २१२ को उपधारा (७), धारा २१९ को उपधारा (२) र धारा २२५ को उपधारा (१) सँग सम्बन्धित)

## स्थानीय तहको अधिकारको सूची

| क.सं | विषयहरु |
|---|---|
| १. | नगर प्रहरी, सामुदायिक प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ. एम सञ्चालन |
| ४. | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, |
| ५. | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| ६. | स्थानीय सेवाको व्यवस्थापन |
| ७. | स्थानीय तथ्याङ्क र अभिलेख संकलन |
| ८. | स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ९. | प्राथमिक र माध्यमिक शिक्षा |
| १०. | आधारभूत स्वास्थ्य र सरसफाइ |
| ११. | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| १२. | स्थानीय सडक/ग्रामीण सडक/कृषि सडक/सिंचाई |
| १३. | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १४. | स्थानीय अभिलेख व्यवस्थापन |
| १५. | घर जग्गा धनी पुर्जा वितरण |
| १६. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १७. | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १८. | बेरोजगारको तथ्याङ्क संकलन |
| १९. | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| २०. | व्यक्तिगत घटना, जन्म, विवाह, मृत्यु दर्ता |
| २१. | खानेपानी, साना जलविद्युत आयोजना (वैकल्पिक उर्जा) |
| २२. | विपद् व्यवस्थापन |
| २३. | जलाधार, सिमसार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २४. | भाषा संस्कृतिको संरक्षण र विकास |

**स्थानीय तहको अधिकारको सूची (अनुसूची -७) मा समावेश गर्नु पर्ने शीर्षकहरु:**

| | |
|---|---|
| १ | खेलकुद |
| २ | वन |
| ३ | पुरातात्विक सम्पदा |
| ४ | सञ्चार |
| ५ | वालवालिकाको विषय |
| ६ | पर्यावरण |
| ७ | स्थानीय यातायात व्यवस्था |
| ८ | साना तथा घरेलु उद्योग प्रवर्द्धन |
| ९ | सवारी साधन अनुमति |
| १० | वस्ति विकास, घरको नक्सापास, स्थानीय भूउपयोग |
| ११ | बजार मूल्यको नियमन |
| १२ | गरिवी निवारण |
| १३ | गैर सरकारी संस्था दर्ता, समन्वय र अनुगमन |
| १४ | ऋण लिने व्यवस्था |
| १५ | स्थानीय तहका नदी नियन्त्रण |
| १६ | स्थानीय पुस्तकालय एवं संग्राहलयको प्रवर्द्धन र संरक्षण |
| १७ | स्थानीय शान्ति सुरक्षाको समन्वय र व्यवस्थापन |
| १८ | स्थानीय पर्यटन प्रवर्द्धन |
| १९ | बिक्री ( ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर, हाड, छाला, प्वाँख, माछा, जडिबुटी, खानीजन्य बस्तु, घाँस, पराल, भुस्सा |
| २० | कवाडी कर, कृषिजन्य उत्पादनका सहउत्पादनहरु, काष्ठजन्य पदार्थहरुमा लाग्ने कर |
| २१ | उच्च माध्यमिक शिक्षा |
| २२ | आयकर र  जिल्लामा भित्रिने विप्रषणबाट प्राप्त रकमको हिस्सा |